# 多言語情報コーナー　　　　　　　　　（令和７年　８月号）

## १. तोचिगी शहरमा बहुसांस्कृतिक सहअस्तित्व सम्बन्धी प्रश्नावली सर्वेक्षणको कार्यान्वयनको बारेमा जानकारी !

तोचिगी शहरले यस वर्ष "तोचिगी शहर बहुसांस्कृतिक सहअस्तित्व प्रवर्द्धन योजना" तर्जुमा गर्नेछ जसले जापानी बासिन्दाहरू र विदेशी बासिन्दाहरूले संस्कृति र सोचाइको हिसाबले एकअर्कालाई बुझ्न, स्वीकार गर्न र सहअस्तित्वमा रहन सक्ने शहरको निर्माणलाई प्रवर्द्धन गर्न दिशानिर्देशको रूपमा काम गर्नेछ।

योजना तर्जुमाको तयारीको लागि, तोचिगी शहरले जापानी र विदेशी बासिन्दाहरूको आ-आफ्नो विचार र वर्तमान अवस्था बुझ्नको लागि प्रश्नावली सर्वेक्षण सञ्चालन गर्नेछ।

विदेशी बासिन्दाहरूको सर्वेक्षणले "काम," "दैनिक जीवन," "अध्ययन," र "अन्तरक्रिया" जस्ता विषयहरूलाई समेट्नेछ।

तोचिगी शहरमा बस्ने १२ वर्ष वा सोभन्दा माथिका जो कोहीले पनि प्रतिक्रिया दिन सक्छन्।

प्रतिक्रिया दिनको लागि, कृपया शहरको वेबसाइट वा फ्लायरमा रहेको **QR** कोड स्क्यान गर्नुहोस्, वा आफ्नो स्मार्टफोन वा कम्प्युटर प्रयोग गरेर प्रतिक्रिया दिनुहोस्।

प्रतिक्रिया दिने अन्तिम मिति अगस्ट ३१, २०२५ हो।

तपाईंको प्रतिक्रियाहरूलाई बहुसांस्कृतिक सहअस्तित्वलाई प्रवर्द्धन गर्ने सन्दर्भको रूपमा प्रयोग गर्ने सोच राखिएकोछ। धेरै भन्दा धेरै विदेशीहरूले प्रतिक्रिया दिन सकून् भन्ने कुरा सुनिश्चित गर्न, कृपया आफ्ना साथीहरू र सहकर्मीहरूलाई सर्वेक्षणको बारेमा बताउनुहोस्। सहयोगको लागि अनुरोध गरिन्छ।

## २. बाढी र पहिरो जस्ता विपद् रोकथाम सम्बन्धि जानकारी बारे !

विपद् "आयो भने" भन्ने कुरा होइन, तर "पक्कै पनि कुनै दिन" हुने कुरा हो।

बाढी र पहिरोबाट कहिले बाहिर निस्कने भनेर निर्धारण गर्न जानकारी सङ्कलन गर्नु महत्त्वपूर्ण छ। आपतकालीन अवस्थामा जानकारी सङ्कलन गर्ने धेरै तरिकाहरू हुनु आफुलाई आश्वस्त पार्ने कुरा हो।

राष्ट्रिय, प्रिफेक्चरल र शहर सरकारहरूबाट आपतकालीन जानकारी, जस्तै निकासी जानकारी र आपतकालीन भूकम्प अलर्टहरू, स्वचालित रूपमा तपाईंको स्मार्टफोनमा डेलिभर गरिनेछ।

तपाईंले तोचिगी शहरको वेबसाइट, X, फेसबुक, र आधिकारिक लाइनमा निकासी र प्रकोपहरूको बारेमा जानकारी पाउन सक्नुहुन्छ।

तपाईंले टेलिभिजन, रेडियो, आदिबाट भारी वर्षा वा आँधीबेहरी नजिकिँदै गरेको बारेमा अग्रिम जानकारी सङ्कलन गर्न सक्नुहुन्छ। तोचिगी शहरको सामुदायिक रेडियो स्टेशन, एफएम कुरारा ८५७, तपाईंको स्मार्टफोनमा डाउनलोड गरेर सुन्न सकिन्छ। प्रकोपको अवस्थामा, यसले क्षतिको अवस्था र निकासी जानकारीको बारेमा ब्रेकिङ न्यूज प्रसारण गर्नेछ, ताकि तपाईं शहरबाटका  निकासी स्थानहरूबाट निकासी जानकारी जाँच गर्न सक्नुहुनेछ।

विपद् रोकथामका लागि विभिन्न जानकारीहरू छन्, तर यदि तोचिगी शहरले "सतर्कता स्तर ४" घोषणा जारी गर्‍यो भने, सबैजना खतरनाक क्षेत्रहरूबाट निकासी गर्नुपर्छ।

साना केटाकेटी वा वृद्धवृद्धा भएका परिवारहरूले "सतर्कता स्तर ३" मा चाँडै नै निकास गर्न सुरु गर्नुपर्छ।

कृपया याद गर्नुहोस् कि यो "सतर्कता स्तर" प्रयोग गरिएका निकास गर्ने जानकारीले निकास गर्ने आवश्यकता र भाग्ने समयको बारेमा जानकारी दिने हुनाले राम्ररी याद गरिराख्नु होला।

## ३. घरमा भूकम्प रोकथामको तयारीका उपायहरू बारे जानकारी !

यदि भूकम्पको बलियो कम्पनका कारण फर्निचर वा घरेलु वद्युतिय उपकरणहरू खसे भने, गम्भीर घाइते मात्र नभई, यसले आश्रयको लागि बाहिर निस्कन पनि गाह्रो बनाउन सक्छ। आफू र आफ्नो परिवारलाई बचाउन, सर्वप्रथम साधारण सुरक्षा उपायहरू अपनाएर सुरु गर्नुहोस्।

आफ्नो घरमा फर्निचर र अन्य वस्तुहरू नभएको सुरक्षित ठाउँ सिर्जना गर्नुहोस्, जुन भाग्ने ठाऊँको रूपमा प्रयोग गर्न सकियोस।

सुतिरहेको बेला भूकम्प आयो भने यो खतरनाक हुन्छ। शयनकक्ष वा बालबालिका वा वृद्धवृद्धाहरू भएको कोठामा फर्निचर नराख्ने गरौं।

सुरक्षित रूपमा बाहिर निस्कन, मुख्य प्रवेशद्वार वा अन्य प्रवेशद्वारहरूको आउने/जाने बाटोमा खस्न सक्ने फर्निचर वा अन्य वस्तुहरू नराख्ने गरौं।

दराज, बुकशेल्फ, दराज, रेफ्रिजरेटर, टेलिभिजन, आदिलाई खस्नबाट रोक्नको लागि L-आकारको कोष्ठक वा सपोर्ट रडले सुरक्षित रूपमा बाँधिराखौं।

भूकम्प कहिले आउँछ भन्ने हामीलाई थाहा हुँदैन। अचानक आएको भूकम्पले क्षणभरमै बहुमूल्य जीवन र जीविकोपार्जनलाई समाप्त पार्न सक्छ। त्यसैले अहिले नै तयारी गरिराख्नु अन्य कुनै कुराभन्दा बढी महत्त्वपूर्ण छ।

## ४. भिडेयो रिपोर्टिङ प्रणाली "लाइभ ११९" बारे जानकारी !

आगलागी, अचानक बिरामी वा ट्राफिक दुर्घटनाको अवस्थामा, शहर भित्र ११९ मा कल गर्नाले तपाईंलाई तोचिगी शहर अग्नि नियन्त्रण विभागको सञ्चार आदेश सेन्टरमा जोडिनेछ, र दमकल वा एम्बुलेन्स बोलाउन सकिन्छ।

आपतकालीन अवस्थामा, शान्त रहन र जापानी भाषामा स्थान र परिस्थिति व्याख्या गर्न गाह्रो हुन सक्छ।

तोचिगी शहरको अग्नि नियन्त्रण विभागको मुख्यालयले, ११९ नम्बरमा कल गर्ने व्यक्ति र सञ्चार आदेश सेन्टरलाई वास्तविक-समय भिडेयोले जोड्ने लाइभ ११९ को व्यवस्था गरेको छ।

यो, आफ्नो स्मार्टफोनबाट ११९ मा कल गरेमा, टेलीभिजन फोन जस्तै भिडेओ रेकर्ड गर्दै जानकारी प्रसारण गर्नसक्ने प्रणाली हो।

यसले सञ्चार आदेश केन्द्रका कर्मचारीहरूलाई परिस्थितिलाई अझ सही रूपमा बुझ्न सक्ने सम्भावना बन्दछ, जसले दमकल र एम्बुलेन्सहरू नआउन्जेलसम्म विपद् प्रतिक्रिया र प्राथमिक उपचार सल्लाह आदि, जस्ता द्रुत र उपयुक्त प्रतिक्रिया प्रदान गर्न मद्दत पुर्याउन सकिन्छ।

स्मार्टफोनबाट ११९ मा कल गर्दा, फायर कमाण्डरहरूलाई आगो निभाउन आवश्यक छ भन्ने निर्धारण भयो भने, कल गर्ने व्यक्तिलाई भिडेयो फुटेज पठाउन भनिन सकिने हुनाले, तत्काल सहयोगको लागि अनुरोध गरिन्छ।